केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०३/०६९/७० मिति: २०६९/०५/०६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २ को बुँदा नं. ९ को उपबुँदा नं. (६) को खण्ड (इ) लाई देहाय बमोजिम संशोधन गरिएको छः-

*"(इ) ऋणी कम्पनी भएमा सो कम्पनीका संस्थापक, संचालक वा निजको परिवारका सदस्यको नाममा भएको धितो।"*

साथै, उक्त उपबुँदा (६) मा देहायको प्रतिबन्धात्मक बाक्यांश थप गरिएको छ।

*"तर यस अघि प्रवाहित कर्जाको हकमा २०७० असार मसान्तसम्म यस्तो थप कर्जा नोक्सानी व्यवस्था गर्न वाध्य हुने छैन।"*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (१) को खण्ड (स) मा उल्लिखित राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने व्यवस्था अन्तर्गत केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम निक्षेप सदस्यको रुपमा कार्य गर्न सक्ने छन्।

३. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ४ को बुँदा नं. (५) को खण्ड (१) मा भएको ब्याज आम्दानी सम्बन्धमा उल्लिखित व्यहोरा पछि देहाय बमोजिमको प्रतिबन्धात्मक व्यवस्था थप गरिएको छः-

*"तर यस व्यवस्थाले असार महिनासम्ममा पाकेको ब्याज वर्षान्तपछिको साउन १५ गतेभित्र प्राप्त भएमा सो रकमलाई बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो आम्दानी लेखाँकन सम्बन्धी नीतिमा स्पष्ट खुलाई गत आर्थिक वर्षको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन वाधा पुगेको मानिने छैन।"*

४. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २ को बुँदा नं. ३ (खराब कर्जा सम्बन्धी थप व्यवस्था) को खण्ड (ट) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ।

*"(ट) टि.आर.कर्जा (Trust Receipt Loan) भुक्तानी गर्ने प्रयोजनको लागि प्रतितपत्र खोल्दाका बखत उल्लेख नगरिएको अन्य कुनै नयाँ कर्जा स्वीकृत गरी प्रवाह भएमा।"*

५. यस बैंकबाट जारी बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०६३ को बुँदा नं. १० को १०.३ मा र एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ६ को बुँदा नं. १ को उपबुँदा नं. (१३) मा उल्लिखित व्यहोरा पछि देहाय बमोजिमको प्रतिवन्धात्मक व्यहोरा थप गरिएको छ।

*"तर विदेशी बैंक तथा वित्तीय संस्थाको सहभागितामा संस्थापना भएका बैंक तथा वित्तीय संस्थाको हकमा प्रवन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिम त्यस्तो विदेशी बैंक तथा वित्तीय संस्थाको तर्फबाट एक भन्दा बढी संचालक वा कार्यकारी प्रमुख पदमा मनोनयन/निर्वाचन/नियुक्त हुन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।"*

६. यस बैंकबाट जारी बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्थाः २०६३ को बुँदा नं. ९.४ को प्रतिवन्धात्मक वाक्यांश र एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १० को बुँदा नं. ७ मा भएको प्रतिवन्धात्मक वाक्यांशलाई देहाय बमोजिम परिमार्जन गरिएको

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

छ ।

*"तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसँग सम्बन्धित संस्था कर्मचारी संचय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा बढीमा २५ प्रतिशतसम्म यस बैंकको स्वीकृति लिई एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक शेयर लगानी गर्न बाधा पुगेको मानिने छैन ।"*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।